# अवकाश भुक्तानी सम्बन्धी सूचना

नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ को विनियम १०२, १०३, ११४ र १६४ समेतमा भएको व्यवस्था बमोजिम कर्मचारीको अवकाश भएपश्चात पाउने अवकाश भुक्तानी बापतको रकम (संचित बिदा, औषधी उपचार, बीमा, उपदान, कर्मचारी सुरक्षण कोष लगायतका अन्य रै-रकम) भुक्तानीका सम्बन्धमा कार्यकारी निर्देशकज्यूबाट मिति २०७९।०१।११ मा देहाय अनुसार निर्णय भएकोले आवश्यक जानकारी तथा कार्यार्थ सम्बन्धीत सबैमा सूचित गरिन्छ।

१) अब उप्रान्त कर्मचारीले अवकाश भए पश्चात पाउने अवकाश भुक्तानी एकमुष्ठ रुपमा अवकाश कोषको रुपमा स्वीकृत प्राप्त ने.वि.प्रा. अवकाश कोषबाट भुक्तानी हुनेछ।

२) कर्मचारी कल्याण महाशाखा र केन्द्रीय कर्मचारी प्रशासन अभिलेखले अवकाश प्राप्त कर्मचारीको रै-रकम सम्बन्धी विवरण केन्द्रीय भुक्तानी महाशाखामा पठाउनेछन्। सोही आधारमा केन्द्रीय भुक्तानी महाशाखाले ने.वि.प्रा. अवकाश कोषलाई एकमुष्ठ भुक्तानी आदेश दिनेछ।

३) अवकाश भुक्तानी पाउने कर्मचारीले कुनै सापटी, पेश्की वा अन्य कुनै रकम प्राधिकरणलाई तिर्न बुझाउन बाँकी भए सो रकम कट्टा गरेर ने.वि.प्रा. अवकाश कोषले कर्मचारी सापटीको हकमा कर्मचारी कल्याण महाशाखा र अन्य बाँकी रकम केन्द्रीय भुक्तानी महाशाखामा पठाउनेछ।

४) अवकाश भुक्तानी बापतको रकम सम्बन्धीत बजेट केन्द्रबाट भुक्तानी पाउने गरी कर्मचारी कल्याण महाशाखा र केन्द्रीय कर्मचारी प्रशासन अभिलेखबाट पत्राचार भइ त्यस्तो रै-रकम भुक्तानी नभएको भए सम्बन्धीत कर्मचारीले त्यस्तो भुक्तानी अवकाश कोषबाट लिन चाहेमा निजको लिखित निवेदनका साथ सम्बन्धीत बजेट केन्द्रले हालसम्म भुक्तानी नभएको जानकारीपत्र संलग्न राखी रै-रकमको हकमा केन्द्रीय कर्मचारी प्रशासन अभिलेख र बीमा रकमको हकमा कर्मचारी कल्याण महाशाखालाई लेखी पठाउनु पर्नेछ। उक्त जानकारीको आधारमा कर्मचारी कल्याण महाशाखा र केन्द्रीय कर्मचारी प्रशासन अभिलेखले कर्मचारीले पाउने रै-रकम उपलब्ध गराइदिन केन्द्रीय भुक्तानी महाशाखालाई पत्राचार गर्ने र तदनुरुप केन्द्रीय भुक्तानी महाशाखाले ने.वि.प्रा. अवकाश कोषलाई भुक्तानी आदेश दिनेछ।

५) अवकाश भुक्तानी बापतको रै-रकम भुक्तानी दिनका लागि बजेट केन्द्रमा रकम निकासा भइसकेको भए उक्त रकमलाई संस्थागत वित्तिय विभागले सम्बन्धित बजेट केन्द्रलाई निकासा कायम गर्नेछ।

२०७९।०१।१२

(हरिप्रसाद घिमिरे)

प्रमुख, केन्द्रीय कर्मचारी प्रशासन शाखा